# मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड

*का.जि.,का.म.न.पा., वडा नं. ११ त्रिपुरेश्वोर।*

*(.लि.नं.-११२७६५/०६५/०६६)*

## मिति २०८१।०९।२१ गतेका दिन सम्पन्न आर्थिक वर्ष २०८०।८१ को १६ औं वार्षिक साभारण सभा ।

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ बमोजिम यस कम्पनीको नियमावली बमोजिम सोह्रौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष **श्री हिमाल गुरुङ्गज्यूको** अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थान गरी देहाय बमोजिम विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. बार्षिक साधारण सभा सम्पन्न भएको मिति, स्थान र समयः-**

मिति : २०८१ साल पौष २१ गते, आइतबार (तदनुसार सन २०२५, जनवरी ५)

स्थान : सुर्य इभेन्ट, काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं. ४, धुम्बाराही, आनन्दनगर ।

समय : दिनको ११ :०० बजे ।

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ र ७६ को उपदफा १ बमोजिम साथै कम्पनीको नियमावलीको स्वीकृत बमोजिम संचालक समितिको मिति २०८१ मार्ग १९ गतेका दिन सम्पन्न संचालक समितिको बैठकबाट कम्पनीको सोह्रौ वार्षिक साधारण सभा गर्ने निर्णय गरी, सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१ साल मार्ग २१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०८१ साल मार्ग २८ गतेको प्रक्षेपण राष्ट्रिय दैनिकमा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागी प्रकाशित गरिएको थियो ।

**४. छलफल विषयहरु :**

**(क) साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको आ.व. २०८०/८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

४) विविध ।

**(ख) विषेश प्रस्तावहरु :**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**५. उपस्थिति**

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित संचालकहरु :

| क्र.सं | सञ्चालकहरुको नाम | पद |
|---|---|---|
| १. | श्री हिमाल गुरुङ | संचालक अध्यक्ष |
| २. | श्री सरस्वति राई | संचालक |
| ३. | श्री बसुना कार्की | संचालक |
| ४. | श्री सन्तोषी श्रेष्ठ | संचालक |
| ५. | श्री सोयम बहादुर खड्का | संचालक |
| ६ | श्री मित्र बहादुर श्रेष्ठ | स्वतन्त्र संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

१. श्री उमेश कुमार उपाध्याय कम्पनी सचिव

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ५१

२. प्रतिनिधि (प्रोक्सी) पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ०

३. जम्मा उपस्थित संख्या : ५१

६. गुणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )

Makar Jitumaya Suri Hydropower Ltd. MJS

| विवरण | शेयरधनी ग्रहण गरेको शेयर संख्या | कुल शेयधरनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| संस्थापक शेयरधनी अर्न्तगत | ५३२०००० | ७ | ६ | ५०७७३६० ६६.८० प्रतिशत |
| सर्व साधारण समूह अर्न्तगत | २२८०००० | | ४५ | १९०२१ ०.२५ प्रतिशत |
| **जम्मा शेयरधनीहरुको उपस्थित** | | | | **६७.०५ प्रतिशत** |

**७. सभाको वैधानिकता र सभाको सभापतित्व :**

७.१ कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम यस कम्पनीको सोह्रौ बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उफदफा (२) अनुसार सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको सोह्रौ बार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ५१ भएको र कुल बाँडफाँड भएको शेयरको ६७.०५ प्रतिशत प्रतिनिधित्व भएको हुदाँ यस कम्पनीका कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिनको ११.०० बजे अध्यक्ष श्री हिमाल गुरुङ्गज्यूको अध्यक्षतामा सोह्रौ बार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

७.३ सभाका अध्यक्षले सभा संचालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित संचालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

७.४ सभामा स्वागत मन्तव्य कम्पनी सचिव श्री उमेश कुमार उपाध्यायले राख्नु भएको थियो ।

**८. बार्षिक साधारण सभाको प्रस्तुती :**

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निधारित छलफलको विषय सूचि अनुसार आ.व. २०८०।०८१ को संचालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत् पश्चात् सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको **मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड**को आ.व. २०८०/८१ सम्मको वासलात र सोही अवधिको नाफा

Makar Jitumaya Suri Hydropower Ltd. MJS

नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१।०८२ को हर-हिसाव लेखापरिक्षण गर्न लेखापरिक्षको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्नको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

९.१ कम्पनीको आर्थिक वर्ष २०८०।०८१ को संचालक समितिको प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०।८१ को नाफा नोक्सान, हिसाव तथा नगद प्रवाह विवरवण उपर आ-आफ्नो मन्तव्य एवं धारणा प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपमा सहभागी हुदै देहाय बमोजिमका जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

(क) वह्मदेव शाक्य

(ख) निरुपमा गुप्ता

९.३ छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले कम्पनीले नियमनकारी निकायले तोकिदिएको निर्धारित समयमा नै विद्युत उत्पादन गरी व्यवसायिक सफलता प्राप्त गरेले कम्पनीका संचालक समितिका अध्यक्ष, संचालक समिति, प्राविधिक समूह तथा अन्य कर्मचारीलाई हार्दिकता पूर्वक धन्यबाद ज्ञापन गरी आगामि वर्षमा कम्पनीले शेयरधनीको लागि लाभास वितरण गर्न, आगामि हुने बार्षिक साधारण सभामा श्रव्य दृश्य समेतको प्रबन्ध गर्न सकोस भनी सल्लाह दिनुभयो ।

९.४ सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

सभामा शेयरधनीहरुले उत्साहजनक रुमपा कम्पनीको व्यवसायिक प्रगतीको शुभकामना दिनुभएको तथा जिज्ञास नभएले अध्यक्षज्यूबाट स्पष्टीकरण दिइ राख्नु पर्ने खासै कुरा नभएको तथापि लाभास वितरणको हकमा भने अगामि वर्षमा यस्तै परिस्थित रही रयो भने केहि न केहि लाभांस वितरण गर्ने तथा आगामि बार्षिक साधारण सभामा सके सम्म यस कम्पनीले संचालन गरेको आयोजनाको श्रव्य दृश्यको प्रबन्ध गरी देखाउने भनी अध्यक्षज्यूबाट सभामा जानकारी गराइएको थियो ।

Makar Jitumaya Suri Hydropower Ltd.
SJM

**१० सभाको निर्णय :**

**साधारण प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**निर्णय:**सभामा प्रस्तुत आ.व.२०८०।०८१ को संचालक समितिको प्रतिवेदन सभा अध्यक्षज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा उक्त प्रतिवेदनलाई सभाले सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको आ.व. २०८०/८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**निर्णय :**लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासताल, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

३)कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

**निर्णय :** कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१।०८२ को हरहिसाव लेखापरिक्षण गर्ने लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्न अध्यक्षज्युले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा गत वर्षको लेखापरिक्षण गर्ने चाटर्ड एकाउन्टेन्स **श्री टि.पि.अधिकारी एण्ड एशोसियट्स**लाई आ.व.**२०८१/०८२** को लेखापरीक्षक नियुक्ती गर्ने साथै निजको पारिश्रमिक रु. ३,००,०००/- (मू.अ.कर बाहेक) निर्धारण गर्ने निर्णय गऱ्यो ।

४) विविध ।

**निर्णय :**साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६२ मा व्यवस्था भए बमोजिम यसै कम्पनीका संचालक अध्यक्ष श्री हिमाल गुरुङ्ग, कम्पनी सचिव श्री उमेश कुमार उपाध्याय र सर्व साधारण शेयरधनीको तर्फबाट संचालक श्री सोयम बहादुर खड्काले प्रमाणित गरी सम्बन्धीत नियमकारी निकायहरुमा बार्षिक साधारण सभाको निर्णय तथा अन्य आवश्यक कागजातहरु जानकारी गराउन अख्तियारी दिने निर्णय गरियो ।

## विषेश प्रस्तावहरु :

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**निर्णय:**सभामा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन सम्बन्धमा छलफल हुदाँ नियमावलीमा संशोधन गर्नु पर्ने कुनै आवश्यकता नभएको र यस कम्पनीको साविकका स्वीकृत प्रबन्धपत्रको दफा ५ को उपदफा (ङ) रहेका व्यवस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार हटाउनु पर्ने भएकोले उक्त उपदफा हटाई केही व्यहोराहरु थप गरी निम्नानुसार प्रबन्धपत्रको दफा ५ मा संशोधन गरी अभिलेख एवं स्वीकृतका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रको दफा ५ मा भएको संशोधन :**

५.कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, गोदाम, सवारी साधन, आवश्यक उपकरण तथा अन्य चल अचल सम्पत्ति खरिद गर्ने, भाडामा लिई प्रयोग गर्ने, निर्माण गर्ने, विस्तार गर्ने, आधुनिकिकरण गर्ने, मर्मत संभार गर्ने वा उल्लेखित जग्गा, भवन, कार्यशाला, गोदाम, सवारी साधन, उपकरणहरु तथा अन्य चल अचल सम्पत्तिहरु आवश्यकता अनुसार विक्री गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी, सल्लाकार, विशेषज्ञ तथा कामदार नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु तथा तलब भत्ता निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा नेपालको कुनै पनि बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने, खाता सञ्चालन गर्ने , आवश्यकता अनुसार बिभिन्न कोष खडा गर्ने, विल अफ एक्सचेन्ज, प्रोमीनरी नोट, चेक, प्रतिज्ञापत्र, प्रतितपत्र जारी गर्ने वा लिन मञ्जुर गर्ने तथा यस्ता प्रकारका अन्य बैकिङ्ग कारोवारहरु गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट वा अन्य संस्था एवं कम्पनीबाट धितो राखी वा नराखी कर्जा लिने ।

च) अन्य आवश्यक कुराहरु :-

१. कम्पनीले आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्बसाधारणलाई बढि जानकारी गराउन बिभिन्न संचारका साधन तथा पत्र-पत्रिकावाट बिज्ञापन सूचना आदि प्रसारण तथा प्रकाशन गर्ने ।
२. कम्पनिको संम्पति हानि नोक्सानीवाट बचाउन बीमा गराउन सक्नेछ ।
३. कम्पनीको लागि आवश्यक पर्ने सामानहरु लगायत कम्पनीको उद्देश्य पुरा गर्न आवश्यक पर्ने सामानहरु स्वीकृत लिनुपर्नेमा सम्बन्धित निकायबाट स्वीकृती लिई नेपाल सरकारबाट सहुलियत प्राप्त गरि बिदेशबाट आयात गर्ने ।
४. स्वीकृती लिनुपर्नेमा सम्बन्धित निकायको स्वीकृति लिई यस कम्पनीले सरकारी तथा गैरसरकारी संघ संस्था, कम्पनीसंग समन्वयगरि विभिन्न कार्यहरु गर्नेछ ।
५. कम्पनीको उद्देश्य परिपूर्तिको लागि आवश्यक संम्झौताहरु गर्ने ।

Makar Jitumaya Suri Hydropower Ltd. MJS

६. कम्पनीलाई आफ्नो उद्देश्य अनुरुपको काम कारबाही सञ्चालन गर्ने क्रममा कुनै बिदेशी कम्पनी, फर्म, संघसंस्था, बाट मालसमान लिने क्रममा आबश्यकतानुसार प्रतित पत्र खोल्न सक्नेछ ।

७. कम्पनीलाई आवश्यक पर्ने कम्प्यूटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता अफिस सामान खरिद गर्ने तथा भाडामा लिने ।

८. कम्पनीलाई आवश्यक पर्ने सवारी साधन खरिद गर्ने तथा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) नियमकारी निकायले दिएको निर्देशन बमोजिम जुन सुकै विषयमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्यिारी प्रदान गर्ने विषेश प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विर्सजन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका सभा अध्यक्ष श्री हिमाल गुरुङ्गज्यूले सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । अन्तमा अध्यक्षज्यूले शेयधरनी महानुभावहरुबाट सरकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन दिनुभएकोमा तथा सोह्रौ बार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य सयम लिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धीत सवैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १: ०० वजे सभा विर्सजन गर्नुभयो ।

Makar Jitumaya Suri Hydropower Ltd. MJS

| हिमाल गुरुङ्ग | सोयम बहादुर खडका | उमेश कुमार उपाध्याय |
|---|---|---|
| संचालक अध्यक्ष | संचालक | कम्पनी सचिव |